“गुणस्तरीय विकास आयोजना र प्रभावकारी सार्बजनिक सेवाक

# सार्वजनिक सुनुवाई कार्यक्रम




मिति : २०७४ फाल्गुन २३ गते

**सहजीकरण संस्था**

**असल शासन क्लब जिल्ला समन्वय समिति सुर्खेत**

**आयोजक**

चिङ्गाड गाउँपालीको कार्यालय, सुर्खेत

**परिचय :**

नेपाल सरकार संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयले स्थानिय स्तरमा नागरिक र स्थानिय निकायविच सुमधुर सम्वन्ध स्थापित गर्दै सुसासन कायम गर्ने उद्देश्यले प्रत्यक कार्यालयले सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरेको छ । सोहि व्यवस्था अनुरुप २०७४ फा चिङ्गाड गाउँपालीका वडा नम्वर २ सुर्खेतले सार्वजनिक सुनुवाई गरेको छ । आर्थिक वर्ष २० तीन पटक सार्वजनिक सुनुवाई गर्ने लक्ष्य अनुसार उक्त कार्यक्रम गरको हो । उक्त कार्यक्रम क्लव जिल्ला समन्वय समिति सुर्खेतले सहजीकरण गरेको थियो ।

सार्वजनिक सुनुवाई नागरिक र सेवाग्राही एकै थलोमा वसी सेवा सुधारका लागि छलफ प्रभावकारी विधि हो । यसले सार्वजनिक निकायले दिने सेवाको वारेमा नागरिकवाट मूल्याङ्कन प्रवाहमा थप सुधार ल्याउने कार्यमा सहयोग गर्दछ ।
यसले स्थानिय निकायमा जवाफदेहिता प्रवर्द्धन गर्नुको साथै पारदर्शीता कायम गर्ने कार्य कार्यालयले आव २०७३/७४ मा संचालन गरेको कार्यको समिक्षा गर्ने, सेवाको प्रभावका गुणस्तरीयता , पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि यो कार्यक्रम संचालन गरेको हो व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने क छ ।
ऐनमा सर्वसाधारणलाई सेवा प्रदान गर्ने क्षेत्रीय, अञ्चल, जिल्ला र स्थानीय स्तरमा कार्य कार्यालय प्रमुखले आफू वहाल रहेको कार्यालयको काम कारवाहिलाई स्वच्छ, पारदर्शी र वस्तुनि सर्वसाधारण तथा सरोकारवालाका विधि सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवा व्यवस्था छ ।
सार्वजनिक सुनुवाई गर्दा विषयसंग सम्वन्धित विशषेज्ञ, सरोकारवाला, नागरिक समाजका स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गर्नु पर्ने व्यवस्था छ ।
त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महि एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ ।
सो नियमावलीले सार्वजनिक कार्यालयवाट सेवाग्राहीलाई दिईने सेवा सुविधाको जान कार्यालयसंग सम्वन्धित समय, जनगुनासो तथा उजुरी संकलन गर्नु पर्ने, कार्यालयवाट स योजना तथा कार्यक्रमको वजेटको जानकारी दिनु पर्ने, सेवाका सकारात्मक तथा नकारात्म सुझाब संकलन गर्नु पर्ने तथा पहिला आयोजित सुनुवाईमा गरिएका प्रतिवद्धताहरु पुरा भए न नागरिकलाई जानकारी दिनु पर्ने स्पष्ट व्यवस्था गरेको छ ।

सार्वजनिक सुनुवाईमा सेवाको अवस्था, विकास निर्माणको गुणस्तरीयता, आर्थिक पारदर्शीता विषयमा नागरिक र सेवा प्रदायकविच प्रश्नोत्तरको माध्यमबाट दोहोरो छलफल भएको थियो ।
कार्यक्रममा सहभागी सबैलाई अध्यक्षताको आशन ग्रहण गराइएको थियो ।
कार्यक्रममा गाउँपालिकास्थित विषयगत सरकारी कार्यालयका प्रतिनिधि जवाफदेहीको रुपमा स थिए । आमन्त्रित अतिथिको रुपमा चिङ्गाड गाउँपालिकाका अध्यक्ष देव वहादुर चन्द, उपाध्यक्ष म र प्रमुख प्रशाशकीय अधिकृत टेक वहादुर खत्रीको उपस्थिती रहेको थियो ।

Good Governance Club District Co-ordination Committee
Birendranagar-6, Surkhet (2059)

## सार्वजनिक सुनुवाईको कार्यकमको उद्देश्यहरु :

- ❖ गाउँपालीका र विषयगत कार्यालयहरुले प्रदान गर्ने सेवा, यस वर्ष सम्पन्न विकास योज विषयगत कार्यालयबाट प्रदान हुने सेवा तथा कार्यक्रमवारे नागरिकलाई जानकारी दिन
- ❖ गाउँपालीका र विषयगत कार्यालयका कार्य वा सेवाहरु पारदर्शी, जनमुखी, जवाफदे वनाउनको लागि नागरिकहरुको संलग्नतामा सार्वजनिक सुनुवाई मार्फत सार्वजनिक विकास गर्न ।
- ❖ सरकारी कार्यालयहरुले सार्वजनिक सेवा प्रदान गर्ने सिलसिलमा नागरिकले समस्याहरुलाई समय मै समाधान गरी सार्वजनिक सेवा चुस्त दुरुस्त र पारदर्शी वनाउन
- ❖ सरकारी कार्यालयले प्रदान गरेको सेवा वारे जाकारी गराई त्यसको प्रभावकारीता, गुण लगाउने तथा नागरीकका जनगुनासोको समाधान गर्ने
- ❖ राष्टसेवक कर्मचारी र नागरिक विच समन्वय, सहकार्य एकताको विकास गरी सहयो प्रणाली विकासको थालनी गर्न ।
- ❖ विकास निर्माण हुने गरेको रकमको दुरुपयोग नियन्त्रण गरी जनमुखी तथा गुणस्तरीय ।

## कार्यक्रम विवरण

**मिति :** २०७४ फाल्गुन २३ गते
**स्थानः** चिङ्गाड गाउँपालीका वडा नम्वर २ रानीवासको वडा कार्यालयको प्राङ्गण
**समयः** दिनको १-४ बजे
**आयोजक :** चिङ्गाड गाउँपालीका सुर्खेत
**सहजिकरण :** असल शासन क्लव जिल्ला समन्वय समिति, सुर्खेत

चिङ्गाड गाउँपालीकाको आयोजनामा सार्वजनिक सुनुवाई कार्यक्रम दिनको १ बजेबाट सुरु कार्यक्रममा सहभागी सबैलाई अध्यक्षका रुपमा आशन ग्रहण गराइएको थियो ।
कार्यक्रममा विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधि र चिङ्गाड गाउँपालीकाका जनप्रतिनिधि वक्ताका रुपमा रहेका थिए ।
नागरिका गुनासा सुनेर समाधना गर्ने तथा सेवामा प्रभावकारीता र गुणस्तरीयता वृद्धि गर्ने उद्दे कार्यक्रममा १६२ जना नागरिकको सहभागीता रहेको थियो ।
कार्यक्रममा जवाफदेहि वक्ताको आसनग्रहण पश्चात गाउँपालीकाका प्रमुख प्रशाशकीय अधिक खत्रीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

Good Governance Club District Coordination Committee
Birendranagar-6, Surkhet (2059)

त्यसपछि सहजीकरण संस्थाले संकलन गरेको नागरिक प्रतिवेदन पत्रको नतिजा सहजकर्ताले त्य जवाफदेहि वक्ता तथा विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुले आफुले प्रदान गरीरहे छोटकरीमा जानकारी गराएका थिए । सार्वजनिक सुनुवाईको आचार संहिता प्रस्तुत पछि सबैले पारित गरी प्रश्नोत्तर कार्यक्रमको सुरुवात गरिएको थियो । विकास तथा सेवा वारेमा १८ ज जवाफदातालाई प्रश्न सोधेका थिए । प्रश्नोत्तरको पुरा विवरण तल प्रस्तुत गरिएको छ । प्रन पश्चात कार्यक्रमको अन्त्यमा ९ बुँदे लिखित प्रतिवद्धता गरिएको थियो । अन्त्यमा कार्यक्र गाउँपालिकाका अध्यक्ष गर्नु भएको थियो ।

**सहभागी विवरण**

| मिति | स्थान | जम्मा | लिंगगत | |
|---|---|---|---|---|
| | | | महिला | पुरुष |
| २०७४ फाल्गुन २३ | वडा नं. २ रानिबास | १६२ | ७४ | [illegible] |

जवाफदेहि व्यक्तिहरु

| | |
|---|---|
| चिङ्गाड गाँउपालीका | अध्यक्ष देव बहादुर चन्द |
| चिङ्गाड गाँउपालीका | उपाध्यक्ष मनकला आचार्य |
| चिङ्गाड गाँउपालीका | प्रमुख प्रशासकीय अधिकृत टेक बहादुर |
| चिङ्गाड गाँउपालीका | वडा नं. १ वडाअध्यक्ष बिर बहादुर वली |
| चिङ्गाड गाँउपालीका | वडा नम्वर २ का वडाअध्यक्ष बुदे खत्री |
| चिङ्गाड गाँउपालीका | वडा नं. ४ वडाअध्यक्ष अम्मर बहादु च |
| प्रहरी चौकी मटेला प्रतिनिधि | धन बहादुर खड्का |
| पशु सेवा शाखा प्रतिनिधि | युवराज बस्नेत |
| कृषि शाखा प्रतिनिधि | खिमराज जिसि |
| स्वास्थ्य शाखा संयोजक | चर्तुभुज गौतम |

Good Governance Club District Co-ordination Committee
Birendranagar-6, Surkhet (2059)

प्रश्नकर्ता र जवाफदेहि व्यक्तिको उत्तर सम्बन्धि विवरण :

| प्रश्न गर्ने व्यक्तिको बिवरण | | जवाफदेहि व्यक्तिको विवरण | |
|---|---|---|---|
| प्रश्न उठाउनेको नाम | विषय वा सवालहरु | जवाफदेही व्यक्ति र संस्था | जवाफ |
| विरबल राना चिङ्गाड २ | गाउँपालीका बैङ्क नहुँदा हामीलाई धेरै कठिनाई भएको छ । त्यसका लागि गाउँपालीकामा बैङ्कीङ कारोबारो गर्नका लागी गाउँपालकिाले के कस्तो पहल गरिरहेको छ ? | टेक बहादुर खत्री प्रमुख प्रशासकीय अधिकृत | स्थानिय तहमा क वर्गको बैङ्क आवश्यक पर्ने भएको हुँदा चिङ्गाडको लागी एन एम बी बैङ्क स्वीकृत भईसकेको छ। हामीले त्यसको लागी पहल गरिरहेका छौं । तपाईहरुको समस्या समाधानका लागी हामिले हाम्रो तर्फवाट सक्दो प्रयास गरिरहेका छौं केहि समय भित्रै गाउँपालीका भित्रैवाट बैंकिङ कारोबारो गर्न पाउनु हुनेछ । |
| | | | |
| डम्मवर बिक | लक्षीत वर्गको बजेट खोई ? पहिला काम सक्ने अनि मात्रै सर्वसाधारणलाई जानकारी दिने किन ? | प्रमुख प्रशासकीय अधिकृत | अहिले पहिलाको जस्तो माथिवाटै बजेट बिनियोजन भएर आउँदैन त्यसैले समुदाय स्तरवाटनै आवश्यक परेको योजनाहरु छनौट गरि वडा स्तरमानै कार्यक्रमहरु माग गर्नु पर्ने हुन्छ । आवश्यकता अनुसार बजेट उपलब्ध हुने अथवा नहुने नियम रहेको छ । लक्षीत वर्गले पहिलेनै आवश्यक्ता अनुसार बजेट माग गर्नु पर्छ त्यो गर्नभयोकी नाई ? तपाईको वडा तथा |

| | | | |
|---|---|---|---|
| हस्त बहादुर बुढा मगर | बाउनधारा रजेना सडक कहिले सुचारु हुन्छ ? | गाउँपालीका अध्यक्ष देब बहादुर चन्द | त्यो सडकका लागी हामीले सम्झौता प्रक्रीया सम्मपन्न गरि काम अगाडी बढाईसकेका छौं । तपाईहरु ढुक्क हुनुस काम हुन्छ । |
| मञ्जु खड्का | लक्षीत वर्गको कार्यक्रम के कस्तो छ ? जान्न पाए हुन्थ्यो । | कार्यकारी अधिकृत चिङ्गाड | प्रश्नका लागी मञ्जु जि तपाईलाई धेरै धेरै धन्यावाद एकदमै जाएज प्रश्न उठाउनु भयो । त्यसका लागी योजना मागका आधारमा योजना विनियोजन हुन्छ ।<br>तपाईहरुले आफ्ना लागी महत्पुर्ण ठानेका योजनाहरु वडा स्तरवाटै माग गर्नु भयो भने पाउनु हुन्छ । |
| सञ्चालक | एम्बुलेन्स संचालन कहिले देखी हुन्छ ?अध्यक्ष ज्यू यो बिषयमा यस कार्यक्रममा तपाईको केही प्रतिबद्धता छ ? | गाउँपालीका अध्यक्ष देब बहादुर चन्द | विभिन्न सहयोगी हातहरुवाट हामीले गाउँपालीमा एम्बुलेन्स भित्र्याउन सफल भएका हौं । बजेटको अभावका कारणले गर्दा विगत केही महिना देखी संचालन गर्न सकिहरेका छैनौं । म यस कार्यक्रम मार्फत प्रतिबद्धता गर्दछु बैशाखको महिना भित्रै एम्बुलेन्स संचालनमा ल्याउने छु । |
| तपप्रसाद कोईराला | वडा नम्वर ४ मा धेरै फलफुलका विरुवाहरु वितरण भएका छन् । तर कती विरुवाहरु वितरण भएका छन् भन्ने कुरा जानकारी गराईदिनु भएको भए सजीलो हुन्थ्यो । | कृषी शाखा खिमराज जीसी | हामीले सबैजसो वडा हरुमा फलफुल उत्पादन हुने अथवा नहुने सम्भावना अध्ययन गरि विभिन्न वडाहरुमा विभिन्न प्रकारका फलफुलका विरुवाहरु वितरण गरेका छौं र सोही अनुसार वडा नम्वर ४ रजेनामा पनि विभिन्न प्रकारका |

| | | | |
|---|---|---|---|
| खत्री | कहाँ निर्माण गरिएको छ ? मेरो जिज्ञासाको उत्तर दिनुहुने छ भन्ने आसामा छु । | | एउटा सिचाँई पोखरी निर्माण गर्ने हो त्यही योजना अनुसार यहाँको कृषक समुहलाई सिचाँई पोखरी निर्माणको जिम्मा दिएका छौं । |
| दुर्ग बहादुर थापा | वडा नम्वर ४ मा बिभिन्न कृषी समुहहरु निर्माण भएका छन् । तर ति समुहहरुले कसरी काम गरिरहेका छन् । र कहाँ कहाँ छन् जान्न पाए आभारि हुने थियँ । साथै विभिन्न खेतिपाती तथा फलफुल रोपणका लागी उचित स्थान र माटो परिक्षण हुनु पर्ने त्यसका लागी माटो परिक्षण भएको छ की छैन् । यो पनि स्पस्ट पारिदिनु हुन्थ्योकी ? | कृषी शाखा खिमराज जीस | धन्यावाद दुर्ग सरलाई निकै समय शार्न्दवीक प्रश्न गर्नु भयो । अहिले जम्मा जम्मी १६ वटा समुहहरु दर्ता भएका छन् र तिनी समुहहरुले काम पनि सुरु गरि सकेका छन् । माटो परिक्षणको सन्दर्भमा यहाँका करिव एक सय वटा घरको माटो परिक्षण भईसकेको छ । हामीले गरिसकेका छौं र कहिँ कतै तपाई हरुलाई यसको वारेका जान्न मन लागेमा म संग सम्पर्क गर्न सक्नु हुने छ । |
| कर्ण बहादुर थापा | पोषण मानिसको जिवनमा नभई नहुने कुरा हो । यसै विषयमा केहि समय अघी अवलचीङ्गमा कार्यक्रम पनि भएको थियो । तर रानिवासमा पनि त्यो कार्यक्रम भईसकेर पनि हामिले थाहा नपाएको हो अथवा अहिले सम्म पनि रानीवासमा भएको छैन । यसको वारेका प्रष्ट हुन पाए आभारी हुने थिएँ । | चर्तुभुज गौतम स्वास्थ्य शाखा | हृदय देखीनै धन्यावद दिन चाहान्छु कर्ण सर लाई स्वस्थ्य सम्वन्धी केहि सवालनै आउदैननकी भन्ने चिन्ता लागेको थियो फेरी पनि धन्यावाद दिन चहान्छु कर्ण सरलाई । यो पोषणको कार्यक्रम भनेको राष्ट्रीय निति अनुसार अगाडि बढी रहेको छ । र कुन स्थानमा के कार्यक्रम हुन्छ भन्ने कुरा हामीलाई जानकारि हुँदैन किन भने यस्तो कार्यक्रम माथीवाटै स्थान छनौट भएर आउँछ । |
| तिल बहादुर | सामुदायीक स्वास्थ्य ईकाई कहाँ छ । र सामुदायीक ईकाईबाट के के हुन्छ भन्ने कुरा | चर्तुभुज गौतम स्वास्थ्य शाखा | स्वास्थ्य ईकाई रानीवासमा पनि व्यवस्था |

Good Governance Club District Co-ordination Committee Birendranagar-6, Surkhet (2059)

| | | | |
|---|---|---|---|
| **कर्ण बहादुर थापा** | हाम्रो स्वास्थ्य शाखामा पोष्टमार्ट र ऐक्सरे मेसिन आईसकेको जानकारि पाएको छु तर संचालनमा आएको खवर भने छैन । अहिले पनि विरामी ऐक्सरेकै लागी क्षेत्रीय अस्पताल कालागाउँ सुर्खेतमा पुग्नु पर्ने बाध्यता रहेको छ । ति मेसिनहरु संचालनका लागि गाउपालीकाले के कस्तो कदम चालेको छ । जानकारि गरारइदिनु भएको भए आभारि हुने थिए । | गाउँपालीका अध्यक्ष देब बहादुर चन्द | अझै पनि अवलचीङ्ग अस्पतालको भौतिक व्यवस्थापनको काम बाँकी रहेको छ । त्यो पनि एउटा कारण हो । पोष्टमार्टको मेसीन संचालन नहुनुको र भिडियो ऐक्सरे मेसिनका लागी दक्ष प्राविधिकको पनि अभाव भईरहेको छ । र अव तत्कालै हामी अस्पतालको भौतिक व्यवस्थापन गरि यि दूवै मेसिनहरु हामी संचालनमा ल्याउछौं र यहाँका सम्पुर्ण सेवाग्रहीहरुले चिङ्गाड गाउँपालीकाको अस्पताल वाटै सेवा पाइने कुरामा तपाईहरुलाई विस्वस्त पार्न चहाछु । |
| **गोकुल राना** | घाँसको लागि एक लाख रुपैंया कहाँ वितरण गरिएको छ भन्ने कुरा छ तर कहिले घाँस आउँछ कति आउँछ र यसको जिम्मा कसलाई दिएको छ यसको बारेमा जानकारि गराई दिन हुन अनुरोध गर्दछु ? | युवराज बस्नेत पशु शाखा | घाँसको लागी हामीले रानिवास र मटेलाको लागि देब बहादुर रानालाई जिम्मा दिएका छौं । घाँस मौसम अनुसार आउँछ विभिन्न अनुकुल समय अनुसार घाँस आउने व्यवस्था मिलाईएको छ । |
| **कल्पना खड्का** | जुवा तास तथा मदिरा सेवन तथा बिक्री वितरणले समाजमा हिंसात्मक गतिबिधीहरु फैलीदै गएको छ । त्यस कारणले म सुरक्षा निकायलाई प्रश्न गर्न चाहन्छुकी जुवा तास तथा मदिरालाई रोक लगाउन सुरक्षा निकायले के कस्तो अभियान संचाल गरको छ । | धन बहादुर खड्का प्रहरि ईन्चार्ज मटेला | धन्यावाद प्रश्नको लागी कल्पनाजी समाजमा हिंसा निम्त्याउने प्रमुख कारण भनेकै मदिरा तथा जुवा तास हो ।<br>यस कारणले तपाई हामी जो कोही पनि समस्यामा पर्नासाथ सबै भन्दापरिला प्रहरीलाई खवर गर्नु पर्ने हुन्छ । त्यो पनि लिखीत ।<br>र तपाई हामी जो कसैले पनि गल्तीलाई |

| | | | |
|---|---|---|---|
| | | | कारवाही गर्छौं । |
| तुल्सी खड्का | प्रत्येक वडामा प्रहरी चौकी स्थापना नहुँदा धेरै सर्व साधारण नागरिकालाई समस्या गरेको छ । यस गाउँपालीकाका सबै वडाहरुमा प्रहरी चौकी स्थापना भईदिएको भए हुन्थ्यो । यसका लागि गाउँपालीकाले केही कार्यक्रम बनाएको छ की ? | प्रमुख प्रशासकीय अधिकृत टेक बहादुर खत्री | हामीले पनि यसको वारेमा सोचेका हौं तर कुरा के रह्यो भने प्रहरी चौकी स्थापना गर्ने काम भनेको अत्यन्तै संवेदनशील काम हो । यसको प्रक्रीया धेरै लामो हुन्छ धेरै स्थानमा समन्वय गर्नु पर्ने हुन्छ । हामीले सुरक्षा निकाय संग समस्या राख्ने हो र सुरक्षा निकायले समस्या परिचान गरि सिफारीस गरेको खण्डकमा प्रत्येक वडामा प्रहरी चौकी स्थापना हुन्छ नत्र भने कठिन छ । |
| राम बहादुर राना | सबै स्थानिय तहहरुमा उपप्रमुखको नेत्तृत्वमा न्यायीक समिति गठन हुनु पर्छ भन्ने सुनेको थिए । हाम्रो गाउँपालीकामा भएको छ की छैन ? जान्न पाए अभारि हुने थिए । | उपप्रमुख मनकला आचार्य | जिज्ञासाको लागी राम सरलाई विषेश धन्यवाद दिन चहान्छु । अहिले देश संघिय संरचनामा गईसके पछी देशका सम्पुर्ण सात सय तृपन्न (७५३)वटै स्थानिय तह माउपप्रमुखको संयोजकत्वमा न्यायीक समिति बनेको छ र सोही अनुसार गाउँपालीकामा पनि मेरो संयोजकत्वमा न्यायीक समिति बनेको छ ।तपाईलाई यो पनि स्पष्ट पार्न चहान्छु की यहि माघको २९ गते को हिउँदे सभाले मेरो नेत्तृत्वमा न्यायिक समिति गठन गरेको हो । |
| राम बहादुर खड्का | अहिले सम्म पनि गाउँपालीकाको केन्द कहाँ भन्ने कुराको टुङ्गो लाग्न सकेको छैन अवलचिङ्गी | उपप्रमुख मनकला | गाउँपालीकाको केन्द्र तोक्न नसक्नुको विभिन्न कारणहरु छन् । र जति पनि बाहिर हल्ला भए |

| | | | |
|---|---|---|---|
| | हात छ भन्ने छ नी ? प्रष्ट पारि दिनु भएको भए हुन्थ्यो । | | भनेको हुनाले मैले पनि प्राविधिक हिसावले ढाँड खेत भन्दा अवलचिङ्ग नै उयुक्त हुने कुरा दर्शाएकी हुँ । |
| **कर्ण थापा** | सेवाग्रहीले फोन गर्दा सचिव ज्युको फोन अफ हून्छ कीन ? | वडा सचिव | मैले मोवाई बन्द गरेको छैन । कार्य सम्पादनको आधारमा कार्य विभाजन गरेको काम हुन्छ । सेवाग्रहीलाई निकै सहयोग गरेको छु । यदि काम गर्दा सेवाग्रही लाई कुनै समस्या भएमा सुधार गर्ने प्रतिबद्धता गर्दछु । |

Good Governance Club District Co-ordination Committee

## सार्वजनिक सुनुवाईमा गरिएका लिखित सार्वजनिक प्रतिवद्धताहरु :

**गुणस्तरीय विकास योजना र प्रभावकारी सेवा विषयक चिङ्गाड गाउँपालिका स्तरीय सार्वजनिक** कार्यक्रममा असल शासन क्लव जिल्ला समन्वय समिति सुर्खेतको सहजीकरणमा चिङ्गाड गाउ कार्यालय सुर्खेतको आयोजनामा आयोजित कार्यक्रममा पारित गरिएका **सार्वजनिक प्रतिवद्धता २०७४** २३ गते सुर्खेत

प्रतिवद्धताहरु :-

१) कृषि सेवा अन्तर्गत माटो परिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउने प्रतिवद्धता गर्दछौं ।

२) कृषि सेवा अन्तर्गतका योजनाहरुलाई आवश्यकता अनुसार किसानलाई दिंदा जनप्रतिनिधी तथा कृषि सेवाको प्रतिनिधीले अनुगमन गरिकन रकम उपलब्ध गराउने प्रतिवद्धता गर्दछौं ।

३) प्रा.स्वा.के.मा रहेको समस्याहरुलाई २०७४ असार पहिलो साता भित्र निगा सुनुवाई ग[...] प्रतिवद्धता गर्दछौं ।

४) खानेपानी आयोजनालाई प्रभावकारी बनाउन चोरी डौंडीलाई नियन्त्रण आवश्यकता अनुसार नियमित गस्ती गर्ने प्रतिवद्धता गर्दछौं ।

५) सार्वजनिक सेवालाई प्रभावकारी बनाउनलाई चौमासिक नियमित सार्वजनिक सुनुवाई गर्ने प्रतिवद्धता गर्दछौं ।

६) गाउँपालिकाबाट सञ्चालित योजनाहरुलाई प्रभावकारी रुपले स[...] गर्ने प्रतिवद्धता गर्दछौं ।

७) बजेट बाँडफाँड आवश्यकताका आधारमानै बाँडफाँड गर्[...] गरिने, राजनीतिक दबाबमा बाँडफाँड नगर्ने प्रतिवद्धता गर्दछौं ।

८) आउँदो वर्षमा सबै मा.वि.हरुमा कम्प्युटर शिक्षक[...] हाजिर गराउने प्रतिवद्धता गर्दछौं ।

९) सचिव तथा वडा अध्यक्षले वडा कार्यालयबाट नै नि[...] सेवा प्रदान गर्ने प्रतिवद्धता गर्दछौं ।

देव ब. चन्द
अध्यक्ष / गा.पा. लिङ्गाड

निमाया शाही
उपाध्यक्ष / गा.पा. लिङ्गाड

रुप ब. खत्री
प्रमुख प्रशासकिय अधिकृत
लिङ्गाड गा.पा

गुरे खत्री
वडा नं.२ अध्यक्ष

कि ब. बली
वडा नं. १ अध्यक्ष


अमर ब. चन्द
वडा नं. ८ वडा अध्यक्ष

चन्द्रराज ओली
इंचार्ज स्वास्थ्य शाखा
लिङ्गाड गा.पा.

प्रकाश गौतम
पशु शाखा प्रमुख
लिङ्गाड गा.पा

टिकराज जिसी
कृषि शाखा / लिङ्गाड गा.पा.
ना.प्रा.स. कृषि

Good Governance Club District Co-ordination Committee
Birendranagar-6, Surkhet (2059)




सार्वजनिक सेवाको गुणस्तरीयताका लागि
सार्वजनिक सुनुवाइ